REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 03.03.2026

भूम्चु महोत्सव मुख्यमन्त्री तथा सोनाम लामा

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले भूम्चु महोत्सवको अवसरमा शुभकामना व्यक्त गर्नु भएको छ। यस शुभ अवसरमा विभिन्न ठाउँबाट आएका भक्तजनहरूका लागि टाशीदिंग गुम्पाले आफ्नो द्वार खोलेको छ।

धार्मिक विभागका मन्त्री सोनाम लामाले टाशीदिंग गुम्पामा आयोजित पवित्र भूम्चु महोत्सवमा उपस्थिति जनाउनुभयो। श्री लामासँगै पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री छिरिङ टी भुटिया पनि उपस्थित हुनुहुन्थ्यो।

बुम्चु पर्वको अवसरमा माननीय राज्यपालको सन्देश

सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले बुम्चु पर्वको शुभ अवसरमा सबै सिक्किमवासीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभयो। आफ्नो सन्देशमा, राज्यपालले बुम्चु पर्व केवल एक धार्मिक अनुष्ठान मात्र नभई हाम्रो राज्यको अद्वितीय संस्कृति, विश्वास र परम्पराको प्रतीक भएको बताउनुभयो। यो पवित्र परम्पराले सिक्किमका जनतालाई आफ्नो सांस्कृतिक जरासँग जोडिन र भावी पुस्ताका लागि आध्यात्मिक मूल्यमान्यताहरूको संरक्षण र प्रवर्धन गर्न प्रेरित गर्छ।

श्री माथुरले बुम्चुको यो पवित्र पर्वले प्रत्येक घरमा खुशी, शान्ति र समृद्धि ल्याउने र समाजमा प्रेम र भ्रातृत्वलाई बलियो बनाउने प्रार्थना गर्नुभयो।

बुम्चु महोत्सवमा माननीय राज्यपालको सन्देश

भाजपा सिक्किमका मुख्य सल्लाहकारले भारतको मुख्य निर्वाचन आयुक्तलाई प्रतिनिधिमण्डल बुझाए

भारतीय जनता पार्टी सिक्किम एकाइका प्रमुख सल्लाहकार तथा सिक्किमका पूर्वमन्त्री छेतेन टाशी भुटियाले नयाँ दिल्लीस्थित निर्वाचन सदनमा भारतका मुख्य निर्वाचन आयुक्तलाई एक ज्ञापन बुझाए।

उक्त ज्ञापनले सिक्किममा मतदाता सूचीको आगामी विशेष गहन संशोधनलाई भारतको संविधानको धारा 371- F अन्तर्गत विशेष संवैधानिक विषयको रूपमा व्यवहार गर्नुपर्ने आवश्यकतामा जोड़ दिएको छ। श्री भुटियाले संशोधनको लागि आधार वर्षको रूपमा 2002 को मतदाता सूचीको प्रस्तावित प्रयोगमा चिन्ता व्यक्त गरे। उनले जोड़ दिए कि यसले 2002 भन्दा पहिले मतदाता परिचयपत्रको लागि आयोग्य व्यक्तिहरूलाई वैध बनाउन सक्छ, जसले गर्दा यस श्रेत्रको जनसंख्यिकीय सन्तुलन र राष्ट्रिय सुरक्षामा सम्भावित रूपमा सम्झोता हुन सक्छ।

सिक्किम सरकारका स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जीटी ढुंगेलले आज चुवाटार, सिंगताममा राज्य खाद्य परीक्षण प्रयोगशालाको औपचारिक उद्घाटन गर्नुभयो।

कार्यक्रममा एफएसएसएआईका गुणस्तर आश्वासन सल्लाहकार, डा. सत्येन कुमार पाण्डा उपस्थित थिए। मन्त्री ढुंगेलले विशेषगरी सिक्किमको जैविक स्थितिलाई ध्यानमा राख्दै, यो सुविधाले राज्यमा खाद्य सुरक्षा र गुणस्तर नियन्त्रणलाई बलियो बनाउने बताए।

डा. ए. पाण्डाले भने कि प्रयोगशाला आधुनिक परीक्षण सुविधाहरूले सुसज्जित भएकोले खाद्य उत्पादनहरूको समयमै र सही विश्लेषण सुनिश्चित गर्न सक्षम छ। उनले भने कि यो सुविधाले विश्वव्यापी रूपमा मान्यता प्राप्त FSSAI प्रमाणपत्रहरू जारी गर्न सहज

बनाउनेछ र छिमेकी राज्यहरूको लागि केन्द्रबिन्दुको रूपमा काम गर्नेछ। सिक्किममा खाद्य सुरक्षा र गुणस्तर संयन्त्रहरू बढाउन निरन्तर सहयोग गर्ने आश्वासन समेत डा. पाण्डाले दिए।

राजु बस्नेत : पाक्योङ

नेपाली संस्कृति परिषद्, सिक्किम शाखाले आज पाकिममा आफ्नो "एक सयौं प्रकरण संस्कति मन्थन एवं वार्षिक महोत्सव" मनाउँदैछ। सिक्किम सरकारका शिक्षा, खेलकुद, युवा मामिला र कानून तथा संसदीय मामिला विभागका मन्त्री राजु बस्नेत प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। श्री बस्नेतले बिहीबारलाई परम्परागत पोशाक लगाउने दिवसको रूपमा लागू गरेर र नेपाली भाषामा सरकारी सूचनाहरू प्रकाशित गरेर सिक्किमी संस्कृति, परम्परा र भाषाको संरक्षण गर्ने वर्तमान सरकारको प्रयासहरूमाथि प्रकाश पार्नुभयो। यो वास्तवमै सरकारले चालेको एक महत्वपूर्ण पाइला हो भन्दै अन्य उप-भाषाहरूमा पनि सरकारी सूचनाहरू प्रकाशित गर्ने आशा गर्दछौं, उहाँले भन्नुभयो।

विधायक लेक नाथ शर्माकाः गेजिंग जिल्ला

सिक्किम सरकारका सल्लाहकार तथा गेजिङ बर्मेक निर्वाचन क्षेत्रका विधायक लाक नाथ शर्माका बालिबाट आज गेजिङ जिल्ला अन्तर्गत बेदुङ प्राथामिक पाठशालाका नवनिर्मित चार काठे भवनको उद्घाटन गरि विधालय परिवारलाई हस्तान्तरण गरेका छन।